जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ९, २०८२ असोज २ गते विहीबार, 18Sep 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

कसरी अघि बढ्ला बागमतीको व्यवस्थापिका



सभामुखद्वारा राजिनामा



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सभाका सभामुख भुवन कुमार पाठकले औपचारिक रुपमा राजीनामा दिएसँगै प्रदेश व्यवस्थापिका कसरी अघि बढ्ला भन्नेबारे चासो थपिएको छ ।

यसरसँगै जेनजी आन्दोलनका क्रममा प्रदेश सभाका भौतिक संरचना ध्वस्त भएपछि बैठक तथा आवश्यक काम कार बाही कसरी अघि बढाउने भन्ने चिन्ता त छदैछ । सभामुख पाठकले ह्वाट्स एपमार्फत् राजीनामाको औपचारिक पत्र पठाएका छन् । गत भदौ २३ गते भ्रष्टाचारविरूद्ध र सुशासनको पक्षमा भएको प्रदर्शनमा अस्वाभाविक बल प्रयोगबाट भएको मानवीय क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै उनले भदौ २४ गते नै सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरेका थिए ।

पाठक राप्रपाको समानुपातिक कोटाबाट बागमती प्रदेश सभा सदस्य भएर २०७९ पुस २८ मा एमाले, माओवादी केन्द्र, राप्रपा र एकीकृत समाजवादीको सहयोगमा सभामुख निर्वाचित भएका थिए ।

सभामुख पाठकको राजीनामासँगै प्रदेश सभाको नेतृत्व अब उपसभामुखको काँधमा रहने छ । सभामुख रिक्त हुँदा उपसभामुख अप्सरा चापागाईले निर्वाचन प्रक्रिया अघि बढाउनुपर्ने नेपाल सरकारकी उपसचिव (कानुन) मनुका घिमिरेले जानकारी दिइन् । उनका अनुसार प्रदेश सभामा सभामुख पद रिक्त भएको अवस्थामा सभा सञ्चालनको सम्पूर्ण जिम्मेवारी उपसभामुखमा रहन्छ । नयाँ सभामुख चयनको प्रक्रियालाई कानुनी रुपमा लामो समय रोक्न नमिल्ने पनि उनले बताइन् ।

'सभामुखको अनुपस्थितिमा प्रदेश सभाको बैठक बसेको खण्डमा उपसभामुखले नै अध्यक्षता ग्रहण गर्नुपर्ने हुन्छ । उहाँले सभामुखकै भूमिकामा सभा सञ्चालन गरेपछि पहिलो एजेन्डाको रूपमा दलहरुको सहमतिमा सभामुख चयनका लागि निर्वाचनको मिति तोकेर प्रक्रिया अगाडि बढाउनुपर्ने कानुनी व्यवस्था छ,' घिमिरेले भनिन्, 'कुनै पनि विषम परिस्थिति वा अन्य कारण देखाएर सभामुख चयन प्रक्रियालाई अनिश्चितकाल सम्म रोक्नु सांविधान र कानुन विपरीत हुन्छ ।'

सभामुख र उपसभामुख प्रदेश सभाका अभिन्न अङ्ग भएकाले यी पद रिक्त रास्दा सभाको संरचना नै अपुरो मानिने घिमिरेको तर्क छ । 'कानुनले स्पष्ट रुपमा दुवै पद निर्वाचित हुनुपर्ने व्यवस्था गरेकाले यसलाई पन्छाउन मिल्दैन,' उनले भनिन् । वर्तमान अवस्थामा उपसभामुखले नै सभाको अध्यक्षता गरेर 'रूलिङ' गर्ने र सबै दलको सहमतिमा नयाँ सभामुख चयनको प्रक्रियालाई अविलम्ब अगाडि बढाउनु नै संवैधानिक र कानुनी बाटो रहेको उनको भनाइ छ ।

बागमती प्रदेश सभाका सचिव रामकुमार पौडेलका अनुसार सभामुख पाठकले उपसभामुखलाई सम्बोधन गरी राजीनामा बुझाएसँगै बैठकको अध्यक्षता उपसभामुखले गर्ने र नयाँ सभामुख चयनको प्रक्रिया अगाडि बढाउनुपर्ने हुन्छ । प्रदेश सभाको अधिवेशन अन्त्य नभइसकेकाले उपसभामुख चापागाईले मिति तोकेर बैठक आह्वान गर्न सक्ने उनले बताए ।

पौडेलका अनुसार सोही बैठकमा सभामुखको राजीनामा पत्र पढेर सुनाइनेछ र नयाँ सभामुख निर्वाचनको मिति तय गर्न सक्ने अवस्था छ । 'सांविधानको धारा १८३ को उपधारा (१) मा प्रत्येक प्रदेश सभाको पहिलो बैठक बसेको पन्ध्र दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्ने व्यवस्था छ । कुनै कारणवश पद रिक्त भएमा पनि प्रदेश सभा नियमावलीको नियम ७ को उपनियम ८ अनुसार सोही कार्यविधिबमोजिम निर्वाचन गरी पदपूर्ति गरिने उल्लेख छ । सभामुखको राजीनामा स्वीकृत भएपछि सूचना प्रकाशन गरिने र त्यसपछिको पहिलो बैठकबाट निर्वाचन प्रक्रिया अगाडि बढाइने कानुनी व्यवस्था छ,' सचिव पौडेलले भने । एकातिर सभामुख पाठकले राजीनामा दिएका छन् भने अर्कोतिर प्रदेश सभा भवन र सचिवालय लगायतका संरचना आगलागीका कारण ध्वस्त हुँदा सभा सञ्चालनमा चुनौती थपिएको छ । सचिव पौडेलका अनुसार आगलागीका कारण सचिवालयले प्रारम्भिक रुपमा ३५ करोड रूपैयाँ बराबरको क्षति बेहोर्नुपर्ने अनुमान छ । जसमा साढे १२ करोडको नयाँ भवन, सचिवालय भवन, अन्य साना तथा संसदीय दलका भवन र भवनमा रहेका जिन्सी सामग्री जलेर क्षति पुगेको उनले बताए ।

क्षतिको पूर्ण विवरण सङ्कलनको काम तत्काल सुरू गरिने र त्यसपछि सरसफाइ र पुनर्निर्माणको काम अगाडि बढाइने सचिव पौडेलको भनाइ छ । तत्काल बैठक बस्नुपर्ने अवस्था आएमा कहाँ बस्ने भन्ने विषयमा पनि छलफल भइरहेको उनले बताए । 'अस्थायी विकल्पका रुपमा परिसरमित्रकै पुरानो ज्यारेजलाई मर्मत गरेर बैठक सञ्चालन गर्न सकिने वा सुरक्षित रहेका संसदीय दलका कार्यालय प्रयोग गर्ने विषयमा विचारविमर्श भइरहेको छ,' पौडेलले भने, 'यद्यपि, बैठक सञ्चालनका लागि माइक, रेकर्डिङ र इन्टरनेटजस्ता प्राविधिक सामग्री भाडामा लिनुपर्ने अवस्था छ ।' जेनजी आन्दोलनका क्रममा सचिवालयका तीन वटा गाडी, ६ वटा मोटरसाइकल र केही निजी सवारी साधनसमेत जलेर नष्ट भएको उनले बताए ।

फर्किए मुख्यमन्त्री र मन्त्रीहरु



○ सहीखबर संवाददाता

मकवानपुर । जेनजी आन्दोलनको एक साता बितेको छ । ध्वस्त मन्त्रालय तथा सरकारी कार्यालयका कर्मचारीहरु यतिबेला सरसफाइमा जुटेका छन्। उनीहरु खरानी सोहोर्ने तथा डढेका सामान व्यवस्थापन गरिरहेका छन्। प्रदेशका मुख्यमन्त्री तथा मन्त्रीहरु पनि राजधानी हेटौंडा फर्किएका छन्। मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रदेश मन्त्रालयहरूको विनाशको अनुगमन गर्ने तयारी गरेको बुझिएको छ ।

मन्त्रालयका सचिवको रहोबरमा मन्त्रालय सरसफाइ भइरहेको प्रदेशसभा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले बताए। जेनजी आन्दोलनका क्रममा बागमती प्रदेश सरकारका अधिकांश संरचना ध्वस्त भएका छन्। यहाँका १४ मन्त्रालयमध्ये ८ वटा काम नलाग्ने गरी क्षति भएका छन्। प्रदेश राजधानी हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय भने बचेका छन्।

वन तथा वातावरण मन्त्रालयमा सामान्य तोडफोड भएको छ। श्रम, रोजगार तथा यातायात मन्त्रालयका सबै सामान र कागजात जोगिएको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालय भने पूर्ण रुपमा ध्वस्त भएका छन्।

सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयको भवनमा पनि क्षति पुगेको छ। प्रदेश सभाभवन पनि काम नलाग्नेगरी ध्वस्त भएको छ भने प्रदेश मन्त्रालय मातहतका अधिकांश कार्यालयमा पनि आगजनी तथा तोडफोड गरिएको छ। जेनजी आन्दोलनका क्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका दुई घरमा पनि आगजनी गरिए।

प्राप्त सूचनाअनुसार मुख्यमन्त्रीबाहेक अन्य मन्त्रीका घर भने सुरक्षित छन्। सामाजिक विकास मन्त्रालयको समेत सचिवको जिम्मेवारीमा रहेका उनले प्रदेशसभाको पुरानो भवन र सामाजिक विकास मन्त्रालय दुवैको सरसफाइ भइरहेको जानकारी दिए।

सहकारी तथा गरिबी निवारण मन्त्रालयको पहिलो तलामा क्षति पुगे पनि बचेका सामानलाई सुरक्षित स्थानमा सार्ने, फुटेका सिसा र खरानी हटाउने काम भइरहेको मन्त्रालयका सूचना अधिकारी रामहरी गजुरेलले जानकारी दिए। उनका अनुसार माथिल्लो तलामा रहेको मन्त्रीको कार्यकक्ष, सचिवको कार्यकक्ष र केही शाखा जोगिएका छन्।

प्रदेश सरकारका प्रवक्ता एवंम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ बागमती प्रदेश सरकारका भौतिक संरचनामा भएका क्षति र विकल्पबारे छलफल भइरहेको बताउँछन्। मन्त्रालयको अवस्था हेरेर अन्त रहेका सरकारी भवनमा सार्ने विषयमा आन्तरिक छलफल भइरहेको उनको भनाइ छ।

'प्रदेशको चिन्ता नभएर हामी घरमै बसेका होइनौं। कसरी सेवा प्रवाह गर्ने भन्ने चिन्तामै छौं, प्रवक्ता तामाङले भने, 'मुख्यमन्त्रीज्यूको नेतृत्वमा सबै मन्त्रीसहितको आन्तरिक छलफल भएको छ, पूर्ण क्षति भएको मन्त्रालयलाई अन्यत्र सार्ने र कम क्षति भएको मन्त्रालयलाई पुनर्निर्माण गरेर सेवा प्रवाह सुरू गर्ने भन्ने सल्लाह भएको छ।'

जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

म्याण्डेट पुरा होस्

जेनजी आन्दोलनका क्रममा भएको मानवीय क्षति नेपालीका लागि ऐतिहासिक त्रासदी हो । मृतकको सूचीले नै तत्कालीन सरकारको अहंकार र क्रूरताको प्रतिबिम्ब बनेर इतिहासमा दर्ज भइसकेको छ । बुधबार सम्म ७३ जनाको ज्यान गइसकेको छ, अस्पतालहरूमा बिरामीको अवस्था अझै गम्भिर छ, अपाङ्गता भएर कतिले ज्यान बचाउने हुन् टुङ्गो छैन । बुधबार केही शवको सामुहिक अन्त्यष्टी गरिएको छ । जुन दृश्य अत्यन्तै कारूणिक रह्यो ।

भ्रष्टाचारविरूद्ध उठेका युवापुस्ताको आवाजलाई अवमूल्यन गर्ने, सुरक्षा रणनीतिमा लापरबाही गर्ने र एक्कासि अत्यधिक बल प्रयोग गरेर नरसंहार मच्चाउने तत्कालीन सरकार नै दोषि देखिन्छ । प्रमुख दलहरुको मनमौजी शासनविरूद्ध आवाज उठाउने नवीन पुस्तासँग तत्कालिन सरकारले सार्थक संवादको पहलसमेत गरेन । उनीहरुसँग बोली हैन गोलीले संवाद गर्ने बाटो रोज्यो र युवाहरुको जीवन खोस्यो । तर यो बलिदानी विस्मृतिमा हराउने छैन । गम्भीर जाँचबुझबाट दोषी सबै कारबाहीमा आएको दिन देशमा जवाफदेहिता स्थापित भएको मानिनेछ र त्यसले मात्र सुशासन र समृद्धिको यात्रालाई सुनिश्चित गर्नेछ ।

आन्दोलनकै बलमा ओली सरकार ढलेको छ र सुशीला कार्की नेतृत्वमा सरकार गठन भएको छ । तर व्यक्तिको परिवर्तन मात्र आन्दोलनको अभीष्ट होइन । बरू, सार्वजनिक पदमा भएका व्यक्तिहरुको सम्पत्ति छानबिन गर्ने, आन्दोलनमा भएको दमनको अनुसन्धान गरी दोषीलाई कठघरामा ल्याउने तथा आगलागी र लुटपाटका दोषीलाई अनुसन्धान गरी कारबाही गर्ने जिम्मेवारी नयाँ सरकारको हो ।जनादेशको म्याण्डेट पुरा गर्नतर्फ अन्तरिम सरकारले आफ्नो समय र शक्ति प्रयोग गर्न सकोस् । जसलाई आगामी २१ फागुनमा प्रतिनिधिसभाका लागि निर्वाचनको जिम्मेवारी दिइएको छ । शान्तिपूर्ण निर्वाचनले मात्र संक्रमणकालको सहज व्यवस्थापन हुनेछ ।

जेन-जी आन्दोलनले दिएको सन्देश



दुर्योधन बस्नेत

आन्दोलनरत युवाले न कुनै पद मागेका थिए, न कुर्सी र सत्ता नै । उनीहरुका माग यिनै थिए सामाजिक सञ्जालमाथि प्रतिबन्ध हटोस् चरम भ्रष्टाचारको अन्त्य होस् न्याय, शान्ति, समानता, सुशासन कायम होस् । के यी माग गलत थिए ?

यही भदौ २३ र २४ गते नेपालमा अत्यन्तै दु:खद् घटना भयो । जीवनको अभिन्न अङ्ग बनेको अभिव्यक्तिको सहज माध्यम सामाजिक सञ्जाललाई सरकारले बन्द गरेपछि त्यसको विरोधमा र भ्रष्टाचारको विरोधमा नयाँ पुस्ता (जेन जी, सन् १९९७ देखि २०१२ सम्म जन्मेको पुस्ता) सडकमा उत्रियो । पहिलो दिन प्रहरीले दमन गर्दा सडकमै १९ जनाले ज्यान गुमाउनुपऱ्यो । २४ भदौमा दमनको विरोधमा उठेको आन्दोलनले सरकार नै ढाल्यो । यस आन्दोलनका क्रममा ७३ जनाले ज्यान गुमाए भने सयौं घाइते छन् । सार्वजनिक र निजी सम्पत्तिको क्षति पनि निकै भयो ।

नेपालीको महान् चाड विजयादशमीको सँघारमा घटेको यो अत्यन्तै दु:खद, मर्मस्पर्शी, हृदयविदारक, पीडादायी घटनाले सबै नेपालीको मन छियाछिया भएको छ ।

आन्दोलनरत युवाले न कुनै पद मागेका थिए, न कुर्सी र सत्ता नै । उनीहरुका माग यिनै थिए सामाजिक सञ्जालमाथि प्रतिबन्ध हटोस् चरम भ्रष्टाचारको अन्त्य होस् न्याय, शान्ति, समानता, सुशासन कायम होस् । के यी माग गलत थिए ? यी उनीहरुका मात्र माग थिएनन् । ६ शताब्दी अगाडिदेखि न्यायप्रेमी नेपाली जनताले विभिन्न समयमा आन्दोलनमार्फत राख्दै आएका माग थिए । यसैका लागि नेपाली आमाका होनहार कलिला छोराछोरीको ज्यान लिन जरूरी थिएन, यो राज्यको अकर्मण्यता थियो ।

यो अवस्था नेपालमा आउनेवाला नै थियो, किनकि ६ दशक लामो बलिदानी आन्दोलन र सङ्घर्षका बाबजुद पनि जनताले गाँस बास कपास, शिक्षा, स्वास्थ्य, रोजगारीजस्ता आधारभूत आवश्यकताका लागि सदैव तड्पिरहनुपरेको अवस्था विद्यमान छ । विगतमा भएका चाहे २००७ सालको होस्, चाहे ०१७ सालको होस्, चाहे ०४६ सालको होस्, चाहे ०६२/६३ को होस् वा माओवादीको १० वर्षे जनयुद्ध होस् यी सबै न्याय, समानता र स्वतन्त्रताका लागि लडिएका आन्दोलनमा हजारौं नेपालीले सहादत प्राप्त गरे । हजारौं अङ्गभङ्ग भए । हजारौंलाई बेपत्ता पारियो । हजारौं आमाका काख रित्तिए । हजारौं चेलीका सिन्दुर पुछिए । हजारौं बालबच्चा टुहुरा भए । हजारौंका आशाका दियो निमे ।

हजारौं नेपाल आमाका छोराछोरीलाई सहिद बनाएर कुर्सी, पद, पैसा, सत्ता प्राप्त गर्नेले अर्बौं खर्बौं मूल्य पर्ने गगनचुम्बी महल जोडे । उनीहरू करोडौंको चिल्ला गाडीका मालिक बने भने अर्कातिर सहिदका परिवार सधैं अभाव र गरिबीमा तड्पिरहे । भन्याङ बनेर कुर्सीमा पुऱ्याउने जो बाँचेका थिए, उनीहरु कतार, साउदीजस्ता अरबका खाडीको चर्को घाममा पसिना बगाइरहेछन् । कैयौंले जेलका कालकोठरीमा क्रूर यातना भोगिरहेका छन् । कैयौं लास बनेर बाकसमा आइरहेका छन् । त्यसैगरी रोजगारीका लागि बिदेसिएका कैयौं चेलीबेटी चरम यौन शोषणको सिकार भएर नारकीय जीवन बिताइरहेका छन् । कैयौं चेलीले जेलमा निर्मम यातना भोगिरहेका छन्, जीवनको भिख माग्गिरहेका छन् ।

यो अवस्थामा कसले ल्यायो ? तिनै आन्दोलनमा होमिएका न्यायप्रेमी जनतालाई बलिको बोको बनाएर कुर्सीमा पदासीन नेताले होइन ? मन्त्री, प्रधानमन्त्री, सभासद् भएका नेताले होइन न्याय, समानता, स्वतन्त्रता, सुशासनका मिठा सपना देखाएर जनताको रगतमा होली खेली जनताकै सपनामाथि कुठाराघात गर्ने ?

स्विटजरल्यान्ड बन्न सक्ने स्रोत साधनको अत्यन्तै धनी हाम्रो देश आज सबैभन्दा गरिब देशको कोटीमा दर्ज हुन पुगेको छ । देश चलाउने, देश हाँक्ने नेताले कहिले पनि यो देश र जनतालाई सुखी र समृद्ध बनाउन चाहेनन् । केवल आफू अकुत सम्पत्तिको मालिक बन्न खोजे । असीमित प्राकृतिक स्रोत साधनको सदुपयोग गरी देशमा उद्योगधन्दा स्थापना गर्न सकिन्छ । रोजगारी सिर्जना गर्न सकिन्छ यसको गर्नुको सट्टा सबै सिर्जनशील युवायुवतीलाई विदेश पठाएर उनीहरुको कमाइबाट आएको रेमिटेन्सबाट देश चलाउन उद्यत भए । बिदेसिनु कति कठिन छ, उनीहरुलाई के थाहा ! अन्तर्राष्ट्रिय विमानस्थलमा गएर हेरेपछि थाहा हुन्छ । बिदेसिनेको आँखामा आँसु, पठाउने आफन्तको आँखामा आँसु, चाहे अमेरिकी मुलुकमा जाने होस्, चाहे युरोपियन मुलुकमा जाने होस्, चाहे अस्ट्रेलिया जाने होस् वा खाडी मुलुकमा जाने होउन्, सबैका आँखामा आँसु टिल्पिलाइरहेको हुन्छ । यसबाट के पुष्टि हुन्छ भने जोकोही युवायुवती खुसीले, रहरले बिदेसिएका छैनन् । बाबु आमाले खुसीले पठाएका छैनन् ।बिदेसिनु बाध्यता भएको छ । विदेश पठाउनु रहर होइन बाध्यता भएको छ । यो अवस्थाको अन्त्य कहिल्यै हुन सकेन देशमा जतिपटक, जति ठुलो परिवर्तन किन नहोस् ।

परिणामत: देश हाँक्ने, राज्य सञ्चालन गर्नेहरुप्रति आम युवायुवतीको वितृष्णा पैदा हुन थाल्यो, आक्रोश बढ्न थाल्यो । नेताहरुलाई नेपाली जनताले पटकपटक सच्चिने मौका दिएका थिए । उनीहरु कहिल्यै सच्चिन चाहेनन् पद, कुर्सी, सत्ता सधैंभरि आफ्नै बाउको पेवा ठाने । सच्चिनु त परै जाओस्, उल्टै अकुत कमाउने चाहनामा भ्रष्टाचारमा मुछिन थाले । केवल आफू बन्नेतिर आफन्त, नातागोता बनाउनतिर नेताहरुको ध्यान जान थाल्यो । देश र जनता भाँडमा जाओस् मतलब रहेन । परिणामस्वरुप अहिलेको घटनाले जन्म लियो । भयावह स्थितिको सिर्जना भयो । उनीहरुले नसोचेको भयो ।

सहनुको पनि सीमा हुन्छ, सीमा नाघेपछि विस्फोट हुन्छ । यतिबेला विस्फोट भएको छ नेताले बुद्धि नपुऱ्याएका कारण, नसच्चिएका कारण । उनीहरुको घमण्ड, अहंपनका कारण देशले ठुलो क्षति बेहोर्नुपरेको छ । धनजनको ठुलो क्षति भएको छ । थुप्रै सांस्कृतिक, धार्मिक, पुरातात्त्विक सम्पदा पृथ्वीको गर्भमा विलीन हुन पुगेका छन् । यो वा त्यो जुनसुकै मानेमा भए पनि सम्पदाको नष्ट नहुनुपर्ने थियो, भयो । यो नेपालको दुर्भाग्य हो । सबैलाई चाहिने देशका पहिचान नमासिदा उत्तम हुने थियो । अब त्यसको पुनर्निर्माण गर्न अर्बौं बजेट लाग्नेछ । विकास बजेटको कटौती हुनेछ । मारमा जनता पने छन्, यसको जिम्मेवार को हुने ?

फेरि पनि देश हाम्रो हो । हजारौं सहिदहरुको रक्तरञ्जित बलिदानबाट संरक्षित यो देशलाई बचाइराख्ने जिम्मा, अभिभारा, दायित्व हामी नेपालीकै काँधमा छ । भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुँवरजस्ता वीर योद्धाले बचाएर राखेको यो देश हामीले बचाए मात्र बच्न सक्छ । देश रहे हामी रहन्छौं, तसर्थ यसलाई बचाउने, फलाउने फुलाउने जिम्मा हाम्रै भएकाले सबैले संयमित भई यो देशलाई नयाँ शिराबाट व्यवस्थित गरौं । सबैको भलो होस् । सबैको जय होस् । सुन्दर, शान्त, विशाल नेपाल कायम रहिरहोस् ।

जेनजी आन्दोलन र अबको निर्विकल्प बाटो



○ सरिता दाहाल

मकवानपुर । हरेक बालबालिका फरक तारा हुन्, सबैले आफ्नै तरिकाले टल्कने अवसर पाउनु पर्छ, र उनीहरुलाई हुर्काउँदै गर्दा अवसर र चुनौति पनि बुझाउने बल गर्नुपर्छ । किनकी बालबालिकालाई कहिल्यै सानो ठान्नु हुदैन, तिनीहरूमा संसार बदल्ने शक्ति हुन्छ, केवल तिनीहरूलाई सही मार्गदर्शन चाहिन्छ । कतै पढेको थिएँ "बालबालिकालाई यो संसारका लागि तयार पार्नु मात्र होइन, यो संसारलाई पनि बालबालिकाहरूका लागि तयार पार्नु आवश्यक छ।" खास गरी युनिसेफको सन्देशमा यस्तो भनाइहरु पाइन्छन् । हो साच्चै बालबालिकाहरुले चाहेको खण्डमा उलटपुलट हुन सक्ने रहेछ भन्ने इतिहास नेपालले भोग्यो ।

हो, बालबालिका भविष्य होइनन् मात्र, तिनीहरू वर्तमान पनि हुन्, आज नै मायाको, सुरक्षाको र सम्मानको हकदार पनि हुन् बालबालिकाहरु । त्यसैले त बुझ्नु जरुरी छ कि बालबालिका हाम्रो प्रतिबिम्ब मात्र होइनन्, हाम्रो कर्मको परिणाम पनि हुन् । जुन नेपालले यही साता भोग्यो । जहाँ बालबालिकाको हाँसो सुनिन्छ, त्यहाँ जीवनको आशा बाँच्दछ । हामीले उनीहरुको हाँसोभन्दा बढी क्रन्दन सुन्यौ, खुसीभन्दा बढी फ्रष्टेड देख्यो र आक्रोश सह्यो । यदि बालबालिकालाई हिजो सुनिएको, आज उनीहरूले विश्वास गर्ने थिए होला, उनीहरुलाई नसुनिएकै कारण उनीहरुले विश्वास गर्न सकेनन् । जसले माया माग्दैन उ माया महसुस गर्न चाहन्छ । हाम्रा बालबालिकाले मायाको महसुस गर्न पाएका रहेनछन् भन्ने बुझ्न अब पर जानु परेन । बालबालिकाको हात समाउनु भनेको केवल साथ दिनु होइन, भविष्यलाई सम्हाल्नु हो, बालबालिका सधैं अग्रजको भनाइ होइन, व्यवहारबाट सिक्छन्, देख्छन् र मुल्याङ्कन गर्छन । आज देश बिरामी छ, बालबालिका भयवित छन् । आगोको लप्का देखेका बालबालिकाहरु वैचारिक रुपमा आफैं पीडित छन् । अशान्त छन् । शान्ति त्यहींबाट सुरु हुन्छ, जहाँ बालबालिका सुरक्षित, माया र सम्मानमा हुर्कन्छन् । यसो त हामी बाल अधिकारको कुरा गर्छौं, बालबालिकाको मागको कुरा गर्छौं, र आफ्नै उचाइ बढाउँछौ । बाल अधिकार कुनै माग होइन, उनीहरूको जन्मसिद्ध हक हो । यो भन्न पनि हिचकिचाउँछौ ।

जेनजी आन्दोलनले अहिले बालबालिकाहरु प्रतिको धारणामा केही परिवर्तन आएको छ । यहाँ बालबालिकाहरु भनेर जेनजी पुस्ताकै कुरा जोड्न खोजिएको हो । आन्दोलनको माग मुख्यत: भ्रष्टाचारको अन्त्य भन्ने थियो, अब विस्तारै विषयान्तर हुने क्रममा रहेको विश्लेषण सुरु हुन थालेको छ । जेनजी आन्दोलनको म्यान्डेट भनेको भ्रष्टाचारको अन्त्य थियो । साथै भविष्यलाई सुरक्षित, समान र पारदर्शी बनाउनको लागि आजै कार्य गर्ने सामूहिक दबाब थियो । जेनरेशन जेड (Gen Z) अर्थात जेनजी आजको डिजिटल पुस्ता मात्र नभई भविष्यको सामाजिक, राजनीतिक र सांस्कृतिक परिवर्तनको प्रमुख शक्ति हो। यसको आन्दोलन विश्वव्यापी रूपमा देखा परेभैं नेपालमा पनि विशिष्ट सन्दर्भसहित विकसित हुँदै गएको छ।

जेनजी आन्दोलन नेपालको सन्दर्भमा भविष्यलाई सुरक्षित, समान र पारदर्शी बनाउन आजै कार्य गर्नुपर्ने" पुस्ताको सामूहिक आवाज हो। यसको म्यान्डेट केवल विरोधमा सीमित छैन । यो नयाँ विचार, नवप्रवर्तन, र सकारात्मक सामाजिक परिवर्तनतर्फ अग्रसर हुन खोज्ने नयाँ पुस्ताको अभियान हो।

के के भए ?

जेनजी आन्दोलनले सरकारी सम्पत्तिको विनाश सबैले देखेका कुरा हो । युवा पुस्ताको मृत्युवरणले पनि सबैलाई पीडा दिएरै गयो । सरकारले मृतकका परिवारलाई राहत र सान्वनासँगै भौतिक संरचना उठाएर देशलाई सशक्त बनाउनु छ । अर्थतन्त्रको मुख्य मेरुदण्ड भनेको निजीक्षेत्र हो, जसले सरकारलाई राजस्वमा योगदान गर्छ, रोजगारी सिर्जना गर्छ, त्यही क्षेत्रले पनि इतिहासकै सबैभन्दा बढी नोक्सानी यसपालिको विध्वंसमा बेहार्नु परेको छ । देशका प्रमुख प्रमुख उद्योग, प्रतिष्ठानहरूलाई निशाना बनाई उच्छृंखल प्रहार हुँदा सरकारी सम्पत्तिको नाश भएको छ । उद्योग, व्यवसायमाथि भएको प्रहारले राज्यको अर्थतन्त्रमा शंकट देखिदैछ ।

निजी क्षेत्रले फेरि खरानीबाट उठ्ने हौसला सरकारबाट पाउनुपर्छ। सहुलियतको ऋण, कर छुट र क्षतिपूर्तिजस्ता विषयबाट निजी क्षेत्रलाई सरकारले मलम लगाउनुपर्छ। सम्पत्तिमाथिको अधिकार हाम्रो संविधानले प्रत्याभूत गरेको मौलिक हक हो। विध्वंसले लगानीकर्ताहरूमा भय पैदा भएको छ। समग्र अर्थतन्त्रमा अनिश्चितत भएका छन् ।

विशानको कुरा गर्दा देशको सबैजसो जिल्लामा लगभग उस्तै पीडा छन् । जेन-जी आन्दोलनका क्रममा सातवटै प्रदेशका प्रादेशिक संरचनाहरूमा ठूलै क्षति भयो। बागमती प्रदेशको १४ वटा मध्ये अधिकांश मनत्रालयहरु पूर्ण रुपमा ध्वस्त भए । ५ वर्ष समय र १२ करोड रुपैयाँ लगानी गरेर तयार पारीएको बागमती प्रदेश सभाको भवन एक पटक प्रयोग भएको थियो । अहिले निशाना मात्रै बाँकी छ । प्रदेशको मन्त्रालयहरु मात्रै हैन जिल्ला स्थित सरकारी कार्यालयहरु, राजनीति नेता कार्यकर्ताका घरहरु ध्वस्त पारिएका छन् ।

यस्तो विकराल ब्याथा बागमतीको मात्रै हैन गण्डकी, कोशी, मधेस र कर्णाली प्रदेशसभा भवन ध्वस्त भएका छन् । विभिन्न प्रदेश सरकारका मन्त्रालय तथा प्रशासनिक भवनमा पनि आगो झोसियो। अधिकांशमा क्षति भयो। प्रादेशिक राजनीतिका नेतृत्वकर्ताका घर र निजी सम्पत्ति पनि क्षतिग्रस्त भए।

केन्द्र सरकारकै बेथिति, विसंगति र अनियमिततालाई प्राथमिकता दिएका कारण आन्दोलनकारीका निसानामा प्रदेश सरकारका संरचना र नेताहरु समेत निशानामा परे । संघीयताको मर्मअनुसार गठित प्रदेश सरकारहरूले केन्द्रीकृत मानसिकता अंगालेको भन्दै जेनजी पुस्ताले खोजीखोजी निशाना बनाए । जसको कारण मारमा परे प्रदेशका संरचना, नेताका निजी निवास र सरकारी कार्यालयहरु सबै ।

प्रदेशका माननीयहरु किन निशानीमा

संघीयताको मर्म अनुसार नेपालको सात प्रदेशमा गरी कुल ५५० जना प्रदेश सांसदहरु छन् । कोशीमा ९३, मधेस १०७, बागमती ११०, गण्डकी ६० र लुम्बिनीमा ८७ प्रदेशसभा सदस्य छन। यस्तै, कर्णाली ४० र सुदूरपश्चिममा ५३ गरी मुलुकभर ५५० जना प्रदेशसभा सदस्य छन् । लुम्बिनी,कर्णाली र कोशीमा एमाले, मधेसमा जनमत, बागमती, गण्डकी र सुदुरपश्चिममा कांग्रेसले प्रदेश सरकारको नेतृत्व गरिरहेका छन्। यि राजनीतिक दलहरुमा मिलिजुली सरकार रहिरहे, पालै पालो सत्तामा आउने र कमजोरीलाई ढाकछोप गरि रहने संकार बन्यो, जसको आक्रोश जेनजीले पोखेका हुन् ।

२०७४ देखि हालसम्म जम्मा मुख्यमन्त्रीहरूको संख्या हेर्ने हो भने कोशी, बागमती, गण्डकी, र लुम्बिनीमा ६/६ जना मुख्यमन्त्रीहरु भए । यसैगरी कर्णाली र सुदूरपश्चिममा ४/४ जना गरी ३५ जना मुख्यमन्त्री बनिसकेका छन्। यिनिहरुको नेतृत्वमा बनेको सरकारले आफ्नो स्वार्थ र आवश्यकता अनुसार मन्त्रालयहरु बढाउने घटाउने खेल पनि उस्तै देखिए । यि प्रदेशहरूमा कोशी प्रदेशमा ९, मधेसमा १२, बागमतीमा १४, गण्डकीमा ७, लुम्बिनीमा १२, कर्णालीमा ८, सुदूरपश्चिममा ७ गरी हालको अवस्थामा जम्मा ६९ वटा मन्त्रालय छन् । यहाँ हुने खर्चको लेखाजोखा भयावह देखिन्छ । यद्यपि प्रदेश सरकारले गरेका राम्रा कामहरु पनि कमी भने छैनन् । प्रदेशहरू मातहत जम्मा सरकारी कार्यालय तथा निकायहरूको संख्या पनि हेर्दौं । कोशी प्रदेशमा २०१, मधेसमा १५९, बागमतीमा २१४, गण्डकीमा २०३, लुम्बिनीमा २११, कर्णालीमा १४०, सुदूरपश्चिममा १६२ गरी जम्मा देशभर कुल १ हजार ७९ कार्यालय तथा निकायहरु छन् ।

यसरी प्रदेश सरकारको स्थापनासँगै पदमा आएका सांसदहरुले आ आफ्नो क्षत्रमा बजेट लैजाने र पहुँचको प्रयोग गरेर भ्रष्टाचार हुने गरेपछि प्रदेशका सांसदहरु निशानीमा परेको राजनीतिक विश्लेषकहरु बताउँछन् । मुलुकको संविधानले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधार मा सहभागी हुने हक सुनिश्चित गरेको छ। राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य भनिएको छ। तर, प्रदेश सरकार गठनको समयमा महिला सहभागितालाई सकभर न्यून गर्ने प्रयास गर्दै आएका छन्। महिलालाई नेतृत्वमा पुऱ्याइहाले पनि दलीय शोषण र पार्टीगत हस्तक्षेपले उनीहरू चाहेअनुसारको काम नै गर्न नसक्ने अवस्थामा पुऱ्याइएको थियो।

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०८२ अनुसार सात वटै प्रदेशमा २०८०/८१ को आर्थिक मसान्तसम्म ४७५ वटा कानुन बनाइएका छन्। जसमध्ये कोशी प्रदेशमा ७५, मधेसमा ६६, बागमतीमा ८३, गण्डकीमा ७२, लुम्बिनीमा ७२, कर्णालीमा ५७ र सुदूरपश्चिममा ५० कानुन निर्माण गरिएका हुन्। तर, यी कानुनहरूमध्ये अधिकांशको कार्यान्वयनमै कठिनाइ देखिएको छ ।

निर्वाचन एकै विकल्प

नेपालमा हालको अन्तरिम सरकार जेनजी आन्दोलनको बलमा गठन भएको हो । सुशीला कार्की नेतृत्वको सरकारले अबको ६ महिनाभित्र निर्वाचन गरेर आवधिक सरकार चयन गर्नुपर्ने दायित्व छ । नेपालको संविधानले प्रतिनिधिसभाको सदस्य नभएको व्यक्ति प्रधानमन्त्री बन्ने कल्पना गरेको छैन। तर कार्की नेतृत्व सरकार संक्रमणकालमा बनेको हो। २००७ सालयता नेपालमा बनेका पाँच वटा अन्तरिम सरकार कुनै पनि तत्कालीन संविधानअनुसार गठन भएका थिएनन्। यसबाट पनि बुझ्न सकिन्छ कि कुनै पनि आन्दोलनपछि बन्ने कुनै सरकार, संविधानको धारामा टेकेर हैन, आन्दोलनको बलमा उभिएर बन्छन् । कार्की नेतृत्वको सरकारले प्रतिनिधिसभा विघटन र निर्वाचन मिति घोषणा गरि सक्यो । अब दलहरूले निर्वाचनमा जान्न भनेर धर पाउनेवाला छैनन् । दल विहिनताको राज्य व्यवस्था अर्को कहालिलाग्दो हुनेछ, त्यसैले पनि दलहरु निर्वाचनको विषयमा अलमल हैन अब तयारी थाल्नु पर्छ । र ाजनीतिक दलहरूको अन्तिम निष्कर्ष संविधान बाँच्नुपर्छ भने हो । त्यो नेपालीहरुको पनि आवाज हो । हाम्रो संविधान त हाम्रो प्राण हो, भलै केही सच्याउनु पर्ने सवालहरु हुन सक्छन्, तिनीहरु सच्चिन पनि सक्छन् । तर आवेगमा संविधान नमासियोस् भन्ने थियो, संविधान बच्यो, त्यै ठुलो उपलब्धि हो अहिलेको लागि । हामी लोकतन्त्रिक देशका जनता रहिरहना पायौं । निर्वाचनमा दलहरूले भाग लिनुपर्छ र लिनेछन् पनि । अन्यथा लोकतन्त्रमाथि शंकट आइलाग्नेछ । देशमा यो संक्रमणकाल लम्बिने छ ।

राप्रपा र हानेपाका १५ सांसद राजीनामा दिदै

सुनिता विष्ट

बागमती प्रदेशसभामा रहेका २ दलका १५ सांसदले राजीनामा दिएका छन्। भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा युवा पुस्ताले ज्यान गुमाउन परेको र यस्तो अवस्थामा पदमा बस्न नहुने भन्दै बागमती प्रदेश सभामा रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र हाम्रो नेपाली पार्टी (हानेपा) ले राजीनामा दिएको घोषणा गरेको छ।

राप्रपाका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले प्रतिनिधि सभा र प्रदेश सभामा रहेका सबै सांसदहरूले पदबाट राजीनामा दिइ सांसद पदबाट बाहिरिने निर्णय गरेको भन्दै भदौ २४ गते प्रेस विज्ञप्ति जारी गरेका थिए। 'जेजी पुस्ताको मागको सम्बोधन र नवीन समझदारीको दिशामा अघि बढ्न राप्रपा सबैमा हार्दिक अनुरोध गर्दछ,' श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

प्रवक्ता श्रेष्ठले विज्ञप्ती जारी गरेलगत्तै बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले पनि सामाजिक सञ्जालमार्फत राजीनामा दिएको निर्णय गरेका थिए। राप्रपाका महामन्त्री समेत रहेका पाठकले राजीनामा दिएको घोषणा उतिबेला गरे पनि आधिकारिक राजीनामा पत्र आज बुझाएका छन्। उपसभामुख अप्सरा चापागाईंलाई सम्बोध गर्दै उनले राजीनामा बुझाएको जानकारी गराएका हुन्।

केन्द्रको सर्कुलर अनुसार सभमुख पदबाट राजीनामा दिएका पाठकसहित राप्रपाका १३ जना सांसदहरूले सांसद पदबाटै समेत राजीनामा दिएको निर्णय पार्टीले गरेको छ। राप्रपा बागमती संसदीय दलका नेता उद्धव थापाका अनुसार पार्टी शीर्षतहले सांसदहरूले राजीनामा दिएको घोषणा गरेपनि आफूहरूले प्रदेश सभामा राजीनामा नबुझाएको बताउँछन्।

'राप्रपा पनि अन्य दलहरू जसरी नै चुनावी प्रतिस्पर्धामा होमिएर चुनाव जितेर सदनमा पुगेको दल हो,' उनले भने, 'तर जेनजी को आवाजलाई मित्री मनदेखि सुनेर पार्टीले यस्तो निर्णय गरेको हो। हाम्रो राजीनामा पत्र तयारी अवस्था छ। भोलि पार्टी केन्द्रीय कार्यसम्पादनको बैठक छ। सो पश्चात् सामूहिक राजीनामा बुझाउछौं।'

केन्द्रले राजीनामा बुझाउने निर्णय गरेसँगै आफूहरू प्रदेश सभाको सांसदको हैसियतबाट बाहिरिसकेको भन्ने कुरा स्वीकार गर्नुको विकल्प नरहेको नेता थापाले बताए। उनले थपे, 'संसदीय प्रणलीमा छौं। संघीयता खारेजीको माग नै हाम्रो पहिलो एजेण्डा हो। प्रतिनिधि सभा विघटन हुँदा सबै सांसदको पद गयो। अब प्रदेश खारेजी हुन्थ्यो भने हामीले राजीनामा बुझाइरहनै पर्दैनथ्यो। मौखिक राजीनामा भैसकेको छ। लिखित र जीनामा पत्र गोजीमै छ। पत्रको मसि सुकेको छैन। भोलिको बैठकपछि औपचारिक रूपमै हामी प्रदेश सभाबाट बाहिरिन्छौं।'



बागमती प्रदेश सभामा राप्रपाको १३ सिट रहेकोमा प्रत्यक्ष निर्वाचित ६ छन् भने समानुपातिक निर्वाचित ७ छन्। थापाका अनुसार राप्रपा प्रदेश सभाबाट बाहिरिने तयारीमा जुटेको हो। यता, हाम्रो नेपाली पार्टी (हानेपा) पनि सांसद पदबाट बाहिरिएको निर्णय गरेको छ। हानेपा बागमती संसदीय दलका नेता शैलेन्द्र ब्रजचार्यले पनि सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै सांसद पदबाट राजीनामा दिएको घोषणा गरेका हुन्।

काठमाडौं निर्वाचन क्षेत्र १(८) बाट प्रत्यक्ष निर्वाचित बज्रचार्यसहित हानेपाको बागमती प्रदेश सभामा ३ सिट छ। काठमाडौंबाट सरिता खड्की हानेपाकी समानुपातिक सांसद हुन्। दुई सिट रहेको हानेपाले पनि सामूहिक राजीनामा दिएर संसदबाट बाहिरिने निर्णय गरेको ब्रजचार्यले जानकारी दिए। जेनजीको मागलाई पूरा गर्नु आफ्नो पनि कर्तव्य भएको कारण यो बेला सांसद बनेर पदमा बस्नुभन्दा युवासँगै मैदानमा उत्रनका लागि राजीनामाको घोषणा गरेको उनले बताए। 'यस्तो समयमा हामी सरकारमा बस्दैनौं। राजीनामा दिएर जेनजीको माग पूरा गर्न हातेमालो गर्छौं।' उनले भने।

बज्रचार्यका अनुसार सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरे पनि आधिकारिक राजीनामा पत्र प्रदेश सभामा बुझाउन भने बाँकी छ। राजीनामा पत्र तयारी अवस्थामा रहेको र आज भोलिमै बुझाउने उनले बताए। यसरी राप्रपाको १३ र हानेपाको ३ सांसदले राजीनामा दिने घोषणा गरेसँगै ११० सदस्यीय बागमती प्रदेश सभामा ९३ सांसद रहनेछन्। यी दुई दल बाहिरिएसँगै ५ राजनीतिक दलको मात्रै प्रतिनिधित्व रहने छ।

जसमा हाल ३७ सिट रहेको नेपाली कांग्रेस नेतृत्वको सरकारमा ३७ सिट रहेको नेकपा एमाले पनि सहभागी छ। ३१ सिट रहेको नेकपा माओवादी केन्द्र प्रमुख प्रतिपक्षी दलको भूमिकामा छ भने ७ सिट रहेको नेकपा एकीकृत समाजवादी र ३ सिट रहेको नेपाल मजदुर किसान पार्टी प्रतिपक्षी दलको भूमिकामा छ। *नेपालखबरबाट*

क्षतिको अध्ययन गर्न सचिवस्तरीय कार्यदल

○ सहीखबर संवाददाता

मकवानपुर । यही भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनबाट बागमती प्रदेशको भौतिक संरचनामा भएको क्षतिको प्रारम्भिक अध्ययनका लागि सचिवस्तरीय ४ सदस्यीय कार्यदल गठन गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका प्रमुख सचिव भूपाल बरालको अध्यक्षतामा बसेको बैठकले प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठा संयोजक र हने गरि ४ सदस्यीय कार्यदल गठन गरेको हो।

मरहट्ठा संयोजक रहेको कार्यदलमा खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालयका सचिव इन्द्रदेव भट्ट, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव हेमराज भुषाल र संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदी सदस्य रहेका छन्।

प्रदेश सरकार अन्तर्गतका भवन तथा भौतिक संरचनामा भएको क्षतिको प्रारम्भिक अध्ययन/विश्लेषण गरी पुनर्निर्माण साथ संचालन गर्न सकिने वा नसकिने अवस्था, सम्भावना र सो गर्नका लागि लाग्ने अनुमानित लागत लगायतका विषयहरु समेटी अविलम्ब संक्षिप्त प्रतिवेदन पेश गर्ने जिम्मेवारी उक्त कार्यदललाई दिइएको छ।

यस्तै, पूर्ण रूपमा क्षति पुगेको मन्त्रालय र कार्यालयहरुको विवरण संकलन गरेर ती क्षतिग्रस्त मन्त्रालयहरु अन्यन्त्रबाट सञ्चालन गर्नका लागि प्रबन्ध मिलाउने समेत निर्णय भएको छ। क्षतिग्रस्त मन्त्रालय, निकाय, कार्यालयबाट प्रवाह गरिने सेवा सुचारू गर्न सम्भाव्य स्थान पहिचान गरी मन्त्रालय, कार्यालय सञ्चालन गर्न तत्काल प्रबन्ध मिलाउने निर्णय गरिएको छ।

आन्दोलनबाट मन्त्रालय/निकाय र मातहतको कार्यालयहरुमा भएको क्षतिको मौद्रिक मूल्य सहितको विवरण विषयगत मन्त्रालय असोज ५ गते भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनिवार्य रूपमा पेश गर्ने निर्णय गरिएको छ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेशका प्रमुख सचिव भूपाल बरालको अध्यक्षतामा बसेको बैठकले प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव ईश्वरचन्द्र मरहट्ठा संयोजक रहने गरि ४ सदस्यीय कार्यदल गठन गरेको हो। कार्यदलमा खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालयका सचिव इन्द्रदेव भट्ट, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयका सचिव हेमराज भुषाल र संस्कृति तथा पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदी सदस्य रहेका छन्।

क्षतिग्रस्त मन्त्रालय र कार्यालयका सेवाहरु अवरूद्ध नहुने गरी वैकल्पिक स्थान पहिचान गरी तत्कालै सेवा निरन्तरता दिने निर्णय बैठकले गरेको छ। भवन तथा संरचनामा क्षति हुँदा न्यूनतम रूपमा भए पनि कार्यालय सञ्चालन गर्न सक्ने अवस्था बनाउन मर्मत र पुनर्निर्माणका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित मन्त्रालयलाई दिइएको छ।

यसका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयसँग समन्वय गरिने बताइएको छ।

प्रतिनिधिसभा विघटनसँगै ३० विधेयक निष्क्रिय

काठमाडौँ । प्रतिनिधिसभाको हठात् भएको विघटनसँगै ३० वटा विधेयकहरु निष्क्रिय भएका छन् । प्रतिनिधिसभामा उत्पत्ति भएका तथा विचाराधीन रहेका ती विधेयकहरु सभाको विघटनसँगै अस्तित्वविहीन भएका हुन् । निजामती कर्मचारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, शिक्षा, भूमि, मिडिया काउन्सिल, सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी चर्चित र प्रतीक्षित विधेयकहरु निष्क्रिय हुन पुगेका छन् ।

प्रतिनिधिसभा र राष्ट्रियसभाबाट एक चरण पारित भएर अन्तिम प्रक्रियामा रहेको संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा बनेको विधेयक पनि निष्क्रिय हुन पुगेको छ । अवकाशपछि निजामती कर्मचारीका लागि 'कुलिङ अफ पिरियड' रहन हुने/नहुने विषयले उक्त विधेयकलाई लामो समयसम्म विवादित बनाएको थियो । संघीयता कार्यान्वयनका लागि निजामती सेवा विधेयक अत्यावश्यक मानिएको थियो ।

१५ असारमा प्रतिनिधिसभाले पारित गरेको उक्त विधेयकलाई १७ भदौमा राष्ट्रियसभाले पारित गरेर संशोधन गरिएको सन्देश सहित प्रतिनिधिसभामा फिर्ता पठाएको थियो । राष्ट्रियसभाबाट आएको उक्त विधेयकलाई प्रतिनिधिसभाले पुन: पारित गर्नुपर्ने थियो । २५ भदौमा बोलाइएको बैठकमा उक्त विधेयकलाई निर्णयार्थ पेस गर्ने तयारी थियो ।

तर २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले देशले अर्कै रुप लियो । सूचना जारी गरेर २५ गतेको बैठक स्थगित गरियो । जेनजी आन्दोलनको माग बमोजिम २७ भदौको रातिबाट प्रतिनिधिसभा विघटित हुन पुग्यो । संविधान जारी भएपछि २०७४ साल मंसिरमा भएका पहिलो निर्वाचनपछि गठन भएका प्रदेश सरकारहरुले प्रारम्भदेखि नै निजामती कर्मचारी सेवन सम्बन्धी विधेयकको माग गर्दै आएका थिए । निजामती सेवालाई नयाँ संविधान अनुकूल तथा नयाँ आवश्यकताहरुलाई सम्बोधन गर्न पनि यसको अपरिहार्यता महसुस गरिएको थियो ।

अघिल्लो प्रतिनिधिसभामै सरकारले निजामती विधेयक सदनमा ल्याएको थियो । तर, सरकार र संसद्बीच कतिपय कुरामा सहमति नजुटेपछि सरकारले फिर्ता लिएको थियो । २०९७ सालको निर्वाचनपछि गठित प्रतिनिधिसभामा २ फागुन २०८० मा सरकारले उक्त विधेयक दर्ता गरेको थियो ।

संसद्मा लामो अवधिको छलफलपछि सरकार सदन र दलहरुबीचको सहमतिले उक्त विधेयक एउटा दुङ्गोमा पुगेको थियो । संघीय संसद्का प्रवक्ता एकराम गिरीले दुवै सभाबाट पारित भए पनि राष्ट्रियसभाबाट आएको सन्देशमाथि प्रतिनिधिसभाले निर्णय लिन बाँकी रहेको अवस्थामा निजामती सेवा विधेयक निष्क्रिय हुन पुगेको बताए । संविधानको व्यवस्था अनुसार प्रतिनिधिसभाको विघटनसँगै विचाराधीन विभिन्न ३० वटा विधेयकहरु निष्क्रिय भएको उनले जानकारी दिए ।संविधानको धारा १११(१०) मा त्यस्तो व्यवस्था छ । त्यहाँ भनिएको छ : 'कुनै विधेयक प्रतिनिधिसभामा प्रस्तुत भई विचाराधीन रहेको वा प्रतिनिधिसभामा पारित भई राष्ट्रियसभामा विचाराधीन रहेको अवस्थामा प्रतिनिधिसभा विघटन भएमा वा त्यस्तो कार्यकाल समाप्त भएमा त्यस्तो विधेयक निष्क्रिय हुनेछ ।'

निर्वाचनपछि गठन हुने नयाँ प्रतिनिधिसभाबाट बन्ने सरकारले आफ्नो सुविधा र आवश्यकता अनुसार अब विधेयक ल्याउनेछ । निजामती सेवा विधेयक जस्तै दुवै सभाले पारित गरेर पनि ऐन बन्न नसकेको सूचीमा जलस्रोत र संवैधानिक परिषद् सम्बन्धी विधेयक पनि छन् ।

जलस्रोत विधेयकलाई प्रतिनिधिसभाले ५ जेठमा पारित गरेर राष्ट्रियसभामा पठाएको थियो । राष्ट्रियसभाले २३ साउनमा पारित गरेर फिर्ता पठाएको उक्त विधेयकमाथि प्रतिनिधिसभाले पुन: निर्णय लिन बाँकी थियो । संवैधानिक परिषद्(काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी विधेयकमा संसद्ले गर्नुपर्ने सबै प्रक्रिया पूरा गरेर प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले त्यस विधेयकमाथि पुनर्विचार गर्नलाई संसद्मा फिर्ता पठाएको थिए । संसद्ले त्यसबारे आवश्यक निर्णय लिन बाँकी रहेकै अवस्थामा प्रतिनिधिसभाको विघटन भएको छ ।

असोज २०७९ मा अघिल्लो प्रतिनिधिसभाले कार्यकाल पूरा गर्दा प्रतिनिधिसभामा विचाराधीन अवस्थामा रहेका २७ वटा विधेयकहरु निष्क्रिय भएका थिए । अघिल्लो पटक दर्ता भएर निष्क्रिय भएका र पछि पुन: पेस भएका सात वटा त्यस्ता विधेयकहरु दोहोऱ्याएर निष्क्रिय भएका छन् ।

मिडिया काउन्सिल, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल हवाई सेवा प्राधिकरण, सूचना प्रविधि, बैंक तथा वित्तीय संस्था, धितोपत्र, निकासी पैठारी नियमन सम्बन्धी विधेयक दुई वटा सदनमा पेस भएर पनि अस्तित्वविहीन भएका हुन् ।

प्रतिनिधिसभाको अघिल्लो कार्यकालमै राष्ट्रियसभामा दर्ता भएर त्यहाँबाट २०७९ मा गठित प्रतिनिधिसभामा आएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयक पनि निष्क्रिय हुन पुगेको छ ।

२०७६ माघमै उक्त विधेयक राष्ट्रियसभामा दर्ता भएको थियो । राष्ट्रियसभाले पारित गरेर २०७९ चैत्रमा पठाएको उक्त विधेयक प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमै छलफलको क्रममा थियो । अख्तियार विधेयकसँगै राष्ट्रियसभामा दर्ता भएर त्यहाँबाट पारित भई आएको भ्रष्टाचार निवारण विधेयकलाई प्रतिनिधिसभाले २०८१ फागुनमा पारित गरेको थियो । उक्त विधेयकले ऐनको रुप लिएर कार्यान्वयनमा आइसक्दा अख्तियार विधेयक निष्क्रिय हुन पुगेको छ ।

राष्ट्रियसभामा दर्ता रहेर त्यही सभामा विचाराधीन रहेका पाँचवटा विधेयकको अस्तित्व मात्रै बाँकी छ । अमौतिक सांस्कृतिक सम्पदा, चलचित्र, पर्यटन, सामाजिक सञ्जाल र राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक राष्ट्रियसभामा अस्तित्वमा छन् । ती विधेयकलाई राष्ट्रियसभाले पारित गरे पनि नयाँ प्रतिनिधिसभा नआएसम्म त्यसमाथिको आवश्यक विधायन कार्य भने बढ्ने छैन ।

प्रतिनिधिसभा विघटनसँगै निष्क्रिय भएका विधेयकहरु :

१. नेपाल पशु चिकित्सा परिषद्
२. राष्ट्रिय खेलकुद विकास
३. सूचना प्रविधि तथा साइबर सुरक्षा
४. बालबालिकासम्बन्धी
५. औद्योगिक सम्पत्ति सम्बन्धी
६. भूमिसम्बन्धी
७. वैकल्पिक विकास वित्त परिचालन
८. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण
९. जाति, रंग, क्षेत्र भेषभूषा, राष्ट्रियता वा उत्पत्तिमा आधारित भेदभाव कसुर र सजाय (गैरसरकारी विधेयक)
१०. निकासी पैठारी नियमन
११. नेपाल नागरिक उड्डयन प्राधिकरण
१२. नेपाल हवाई सेवा प्राधिकरण
१३. सशस्त्र प्रहरी बल
१४. नेपाल प्रहरी
१५. धितोपत्र सम्बन्धी
१६. मानव शरीर जलन नियन्त्रण तथा सजाय (गैरसरकारी विधेयक)
१७. जलस्रोत
१८. बैंक तथा वित्तीय संस्थासम्बन्धी
१९. संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त
२०. निर्माणमुखी सामग्री व्यवस्थापन तथा नियमन
२१. विद्युत
२२. विद्यालय शिक्षा
२३. संवैधानिक परिषद्(काम, कर्तव्य, अधिकार र कार्यविधि)
२४. पानी जहाज सञ्चालन तथा व्यवस्थापन
२५. नेपाल कानुन व्यवसायी परिषद् २६. तिलगंगा नेत्र विश्वविद्यालय
२७. नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता २८. मिडिया काउन्सिल
२९. राष्ट्रिय मर्यादा सम्बन्धी (गैरसरकारी विधेयक)
३०. अख्तियार दुरूपयोग अनुसन्धान आयोग

इकान्तिपुरबाट साभार

जेनजी आन्दोलन :प्रहरीका ११ सय नाल हतियार लुटिए, ४५५ ब्यारेकमा क्षति

काठमाडौँ । 'जेनजी' को अगुवाईमा भएको आन्दोलन र त्यसपछि भड्किएको हिंसामा नेपाल प्रहरीका ११ सय थान हतियार लुटपाट भएका छन् ।

जेनजीले २३ भदौमा गरेको आन्दोलनमा सरकारी पक्षबाट दमन भएपछि अर्को दिन २४ भदौमा काठमाडौंसहित देशभर तोडफोड, आगजनीसहित हिंसा भड्किएको थियो । त्यस क्रममा प्रहरीका ब्यारेक र कार्यालयमै तोडफोड र आगजनी गरेर विभिन्न क्यालिभरमा १ हजार १ सय थान हतियार लुटपाट भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

आन्दोलन भड्किएपछिको प्रदर्शन हिंसात्मक बन्दा काठमाडौं उपत्यका प्रहरी कार्यालयसहित देशभरका ४ सय ५५ वटा ब्यारेक/कार्यालयहरुमा तोडफोड, आगजनी र लुटपाट भएको थियो । प्रहरी प्रधान कार्यालयका एसएसपी रमेश थापाका अनुसार तूला/साना गरी १ हजार १ सय थान हतियार लुटपाट भएको थियो भने १ सय ९७ कार्यालय पूर्ण र ३ सय ५८ कार्यालयहरुमा आंशिक क्षति पुगेको छ । आन्दोलनका क्रममा प्रहरीका ३ जनाले कर्तव्य पालनाका क्रममा ज्यान गुमाएका छन्, १ हजार ९ सय ६३ प्रहरी घाइते भएका भए । घाइतेमध्ये १ हजार ९ सय ३९ जना प्रहरी उपचारपछि अस्पतालबाट डिस्चार्ज भएका छन् भने २४ जना प्रहरी उपचारका क्रममा छन् ।

जेनजी आन्दोलनका क्रममा ७३ जनाको ज्यान गएको छ । सयौं सर्वसाधारण घाइते भएका छन् । आन्दोलनपछि भड्किएको हिंसामा संसद् भवन, सर्वोच्च न्यायालय, राष्ट्रपति भवन, प्रधानमन्त्री निवास, प्रधानमन्त्री कार्यालयसहित सरकारी/सार्वजनिक, निजी भवन/प्रतिष्ठान र कार्यालयसमेतमा विध्वंस गरिएको छ । विध्वंसमा खर्बौं रूपैयाँको क्षति भएको आकलन गरिएपनि क्षतिको यकिन विवरण संकलन भइसकेको छैन ।

स्वच्छ, सफा खानेपानी तथा वातावरणीय सरसरसफाइ सम्बन्धी

जनहितकारी सन्देश पढौं, सोचौ तथा व्यवहारमा
अवलम्बन गरी असल नागरिकको परिचय दिऔं ।
सावुन पानीले अनिवार्यरूपमा हातधुने बानी बसालौ ।

☐ चर्पीको प्रयोगपछि, ☐ खाना बनाउनु, पस्कनु, खानु र खुवाउनु अघि,
☐ कुनै फोहोरकुरा विषादी छोएपछि, ☐ बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि,
☐ खानेपानीको मुहान, स्रोत, धारा संरक्षण तथा सफा राखौं,
☐ खुल्ला स्थानमा दिसा, पिसाव नगरौं, ☐ फोहोरमैलाको उचित व्यवस्थापन गरौं,
☐ घर, आँगन, उद्यान, बाटोलगायत सार्वजनिक स्थान सफा राखौं ।
☐ स्वच्छ, सफा पिउने पानीमात्र प्रयोग गरौ ।

शुद्धिकरण गरेको पानीमात्र पिउने गरौं

☐ उमालेर, फिल्टर गरेर, क्लोरिनहालेर, सोडिस गरेर मात्र पिउने गरौं ।
☐ खानेपानीको टँकीमा ब्लीचिङ पाउडर नियमित प्रयोगगर्ने गरौं ।
☐ सुरक्षित पिउने पानी प्रयोग गरी झाडा पखाला, आँउ, रगतमासी, हैजा, जुका,म्यादेज्वरो, कमलपित्त, हेपाटाइटिस 'ए' आदि जस्ता रोगबाट बचौं ।
☐ सिंचाइ गरौं, उत्पादन बढाऔं, गरिवी घटाऔ ।
☐ बाढी, पहिरो, भूक्षय र डुवान जस्ता जल उत्पन्न प्रकोपबाट बच्न आवश्यक सावधानी अपनाऔं ।

स्वच्छ, सफा, सुन्दर वातावरण बनाऔ, असल नागरिक बनौं

४ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

भावपूर्ण श्रद्धाञ्जली



मकवानपुर । मकवानपुर हेटौंडा उपमहानगरपालिकाको फरक ३ स्थानमा दीपावली गरी जेनजी आन्दोलनमा ज्यान गुमाएकाहरू प्रति श्रद्धाञ्जलि अर्पण गरिएको छ ।

हेटौंडा ३ जिनजी (काग्रेश) चोकमा नेपाल तरूण दल जिल्ला कार्यसमिती मकवानपुरद्वारा दीपावली गरिएको छ । काँग्रेस जिल्ला सभापति बुद्ध लामाको नेतृत्वमा यहा दीपावली गरिएको हो ।

यसैगरी हेटौंडा १० स्थित बुद्धचोकमा लायन्स क्लव मकवानपुर, होटल व्यवसायी संघमकवानपुर, निर्माण व्यवसायी संघ मकवानपुर, नारायणी यातायात व्यवसायी संघ र मकवानपुर उद्योग वाणिज्य संघको संयुक्त आयोजनामा भ्रष्टाचार विरूद्धको आन्दोलनको क्रममा ज्यान गुमाएका जेनजी विद्यार्थी सहिदहरूको सम्झनाप्रति हार्दिक श्रद्धान्जली अर्पण गरिएको हो ।गत हप्ता भएको जेनजी आन्दोलनको समयमा ज्यान गुमाएका सहिदको सम्झनामा सरकारले बुधबार आधा झण्डा झुकाउने, शोक बिदा दिने र साँझ दीपावली गर्ने निर्णय गरेको थियो । बुधबार संघीय संसद् भवन अगाडि पनि आन्दोलनको क्रममा ज्यान गुमाएकाहरुको सम्झनामा मैनबत्ती बालेर श्रद्धाञ्जली अर्पण गरिएको थियो ।

संविधान दिवस भव्य रुपमा मनाऔं

- संविधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रुपमा मनाऔं.
- संघ, प्रदेश स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं,
- संविधानको महत्व बुझौं र बुझाऔं,

प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं र दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक श्रद्धाञ्जली

जेनजी आन्दोलनको क्रममा ज्यान गमाएका सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली,
परिवारमा गहिरो समवेदना ।

सहीरबर